# मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था. २०७३ (Estd: 2073)

नुम, संखुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


पत्र संख्याः २०८०/८१
Ref. No.:
चलानी नं:
Dispatch No.: ९२३

विषयःकरार सेवामा पदपुर्ति सम्बन्धि सुचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८०।१०।१२)

मकालु गाउँपालिका,गाउँकार्यपालिका कार्यालयको मिति २०८०।१०।०७ गतेको निर्णयानुसार मकालु गाउँपालिका, Fundacion Inaki Ochoa De Olza, SOS Himalaya, Spain र Associazione Mani Per il Nepal,CH " Un Ponte Tra Di Noi-Italy बीच त्रिपक्षीय लागत साझेदारीबाट सेवा सुविधा उपलब्ध गराउने गरि स्वास्थ्य सेवा ज.हे.स. समुहको १ जना मेडिकल अधिकृत आठौं तह र मकालु गाउँपालिकाको स्वास्थ्य सेवा तर्फका निम्न सेवा,समुह,उपसमुह तथा तहका रिक्त पदहरुमा मकालु गाउँपालिकाको करारमा प्राविधिक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ बमोजिम पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रितपुर्वक दरखास्त आवेदन पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

| वि.नं. | पद | सेवा/समुह | तह/श्रेणी | संख्या | कै |
|---|---|---|---|---|---|
| MO१-२०८०/०८१ | मेडिकल अधिकृत | स्वास्थ्य/ज.हे.स. | ८ | १(एक) | |
| SN२-२०८०/८१ | स्टाफ नर्स | स्वास्थ्य/ज.न. | ५ | १(एक) | |

- दरखास्त दिने अवधिः २०८०।१०।१४ गते देखि २०८०।१०।२८ गते सम्म ।
- दरखास्त दिने स्थानः मकालु गाउँपालिका, नुम,संखुवासभा ।
- दरखास्त दस्तुरः अधिकृत स्तरको लागि रु १०००। र सहायक स्तरको लागि रु ६००। मात्र ।आवेदकले मकालु गाउँपालिकाको खाता नं. ०२६१५३८९५५४ आन्तरिक राजस्व खाता सिद्वार्थ बैंक नुममा दाखिला गरिएको सक्कल बैंक भौचर वा मकालु गाउँपालिकाको राजस्व शाखामा बुझाएको सक्कल नगदी रसिद संलग्न राखुपर्नेछ ।
- परीक्षाको किसिमः लिखित र मौखिक ।
- परीक्षा मितिः दरखास्त दिने मितिको अन्तिम दिनको भोलि पल्ट सम्पर्क मितिमा तोकिनेछ ।
- पारिश्रमिक तथा अन्य सुविधाः मेडिकल अधिकृतको लागि रु १,१०,०००।(एक लाख दश हजार) र स्टाफ नर्सको लागि प्रचलित कानुन बमोजिम हुनेछ ।

**योग्यता**

- नेपाली नागरिक ।
- **मेडिकल अधिकृतको ला**गिः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थबाट MBBS कोर्ष उत्तिर्ण गरि NMC मा दर्ता भएको ।
- **स्टाफ नर्सको ला**गिः नेपाल सरकारबाट मान्यत प्राप्त शिक्षण संस्थाबाट PCL Nursing उत्तिर्ण गरि नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको ।
- अधिकृत स्तरको लागि २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको र सहायक स्तरको लागि १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनु पर्नेछ ।
- अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
- दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः कार्यालयले तय गरेको आवेदन फारममा माग गरे बमोजिमको विवरण , शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि (SLC/SEE देखि सम्बन्धित योग्यता सम्मको ), नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि , कार्यअनुभव भए सोको प्रतिलिपि,प्रचलित नेपाल सरकारको कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि । साथै म्याद नाघि वा रितपुर्वक नआएमा आवेदन उपर कारबाही हुने छैन ।
- दरखास्त आवेदन फारम यस कार्यालयको बेवसाईट www.makalumun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।
- सुचना सम्बन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । थप जानकारीको लागि फोन नं. ९८५२०५१४३६,९८४३१२१४२५,९८६२१३५९७० मा सम्पर्क गर्न सकिनेछ ।

२०८०।१०।१२

२०८०/१०/११
इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत